आगामी आर्थिक बर्ष ०७९/०८० को नीति तथा कार्यक्रम

अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दालीबाट दोश्रो गाउँ सभाको पहिलो अधिवेसनमा

**प्रस्तुत आर्थिक बर्ष २०७९/२०८० को बार्षिक नीति तथा कार्यक्रम**

आदरणीय गाउँसभा सदस्य ज्यूहरु,

नेपालको संविधान बमोजिम संघीय शासन व्यवस्थालाई स्थानीय तह देखिनै सुदृढीकरण गरी स्थानीय सरकारको माध्यमद्वारा जनताको दिगो, शान्ति, सुशासन विकास र समृद्धिको दिशामा अग्रसर रहन दर्बिलो आधार तयार हुदै गर्दा दुई बर्ष देखी विश्वभर आक्रान्त रूप लिएर फैलिएको कोभिड -१९ को महामारीले निम्त्याएको आर्थिक सङ्कटको बीच मानेभन्ज्याङ गाउँपालिकाको आर्थिक बर्ष ०७९/०८० को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई गर्वानुभूति भएको छ ।

राष्ट्रहित र नवीन अग्रगामी परिवर्तनको लागी नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन संघर्ष लागाएत विभिन्न आन्दोलनहरूमा जीवन उत्सर्ग गर्नहुने सम्पूर्ण शहीदहरू प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु साथै बेपत्ता र घाइतेहरू प्रति उच्च सम्मान र सहानुभूति प्रकट गर्न चाहन्छु ।

प्रजातन्त्र, लोकतन्त्र साथै विभिन्न काल खण्डमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय अग्रजहरू साथै सम्पूर्ण गाँउपालिका बासीले पुर्याउनु भएको योगदानले सदैव हामीलाई प्रेरणादायी र कर्तव्य निष्ठ बन्न सदैव हौसला प्रदान गर्नेछ भन्नेमा म विश्वस्त रहेको छु ।

मानेभन्ज्याङ गाउँपालिकाले नेपालको संविधानको अनुसूची -८ मा उल्लिखित स्थानीय तहको एकल अधिकारको सूचिमा प्राप्त अधिकार क्षेत्र भित्रका महत्वपुर्ण ४१ वटा विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधी र मापदण्ड जारी गरी कार्यान्वयनमा ल्याएको छ । स्थानीय तहमा न्यायीक अभ्यासलाई संस्थागत गर्न न्यायीक समिति गठन, ९ वटा वडामा मेलमिलाप केन्द्रको स्थापना गरी सेवा प्रवाह् गर्ने अभ्यासको थालनी गरिसकेका छन् । स्थानीय सरकाले आफ्नो योजना सञ्चालन गर्दा लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोगको लागी सङ्घीय सरकार, प्रदेश सरकार र सरोकारवाला संघसँस्थासँग समन्वय, साझेदारी, सहकार्य र व्यवस्थापनमा पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि तथा पशु र अन्य विषयगत क्षेत्रमा कार्य गर्दै आएको छ । यी सबै विषयलाई स्मरण गर्दै, अघिल्लो निर्वाचित स्थानीय सरकारबाट भएगरेको कार्यको उच्च मूल्याङ्कन र सम्मान गर्दै सञ्चालन भईरहेका आयोजनाहरूलाई निरन्तरता दिने विश्वास व्यक्त गर्दछु ।

**नीति तथा कार्यक्रमहरुः**

कृषिमा आधुनिकीकरण, उत्पादन र उत्पादकत्व वृद्धि साथै आत्मनिर्भर गाउँपालिका, व्यवसायीक रोजगारी सृजना गरी आयआर्जनमा पहुँच, असमान विपन्न र गरिबीको दरमा न्यूनिकरण, सूचना प्रविधि, शिक्षालाई सीप सँग, सीपलाई श्रम सँग, श्रमलाई रोजगार सँग, रोजगारलाई उत्पादन सँग साथै उत्पादन लाई बजार सँग जोड्ने गुणस्तरीय तथा प्राविधिक शिक्षा, यातायात पर्यटन पूर्वाधार साथै उज्यालो गाउँपालिका निर्माण र दिगो विकास एवं सेवा प्रवाहमा सुशासनलाई प्राथमिकता, भ्रष्टाचारमा शून्य सहनशीलता नीति अवलम्वन गर्दै, जीविकोपार्जन जनजिविका लघुउद्यम साथै युवा स्वरोजगार र विपन्न नागरिकलाई खाद्यान्न अनुदानको अनिवार्य नीतिमा व्यवस्था गरिनेछ ।

यिनै विषय बस्तुको पृष्ठभूमिलाई आधार मानी आगामी आर्थिक बर्ष ०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

1. **कृषि तथा पशु नीतिः**

1.1 नेपाल सरकारको आ.ब ०७९/०८० को नीति तथा कार्यक्रम वक्तव्यको आधारमा यस पालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम पूर्ण रुपमा कृषि आधुनिकीकरण कार्यक्रमसंग कार्यन्वयन गरिनेछ ।

1.2 ***" बाँझो जमिनमा खेती, उत्पादनमा भेटी"*** सोचलाई आत्मासाथ गर्दै बाझिदै गएको खेति योग्य जमिनलाई कृषि उत्पादनको लागी उपयोगमा ल्याउन विशेष प्याकेज सहितको प्रोत्साहनको कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

1.3 खाद्यान्नमा आत्मानिर्भर पालिका बनाउन दलित, महिला, विपन्न, सिमान्तकृत र जोखिममा रहेकाहरुलाई व्यवसायीक सीपमूलक र रोजगारमुलक तालिम सहित उद्यमसिलतामा सहयोग पुर्याउन गरिवीनिवारणका लागी कृषि लघुउद्यम विकास कार्यक्रममा साझेदारीमा बीउ पूँजी कोष, कृषि प्राबिधिक र कृषि प्राबिधि लगाएत सरल सहज कृषि कर्जाको व्यवस्था गर्न पहल गरिनेछ ।

1.4 बिरुवामा आत्मनिर्भर गाउँपालिका बनाउन पालिका स्तरीय एक बहुउद्देश्य कृषि नर्सरी केन्द्रको स्थापना र सञ्चालन गर्न वजेट विनियोजन गरिनेछ ।

1.5 विभिन्न संघसंस्थाहरु संग समन्वय गरी आवश्यक प्राबिधिक तालिम प्रधान गर्दै यस गाउँपालिकाका ९ वडामा १ गाउँ एक उत्पादन कार्यक्रम सञ्चालन गरिने नीति तर्जुमा गरी कार्यान्वियनमा ल्याइनेछ ।

1.6 गाउँपालिका स्तरीय खाद्य बैंक, कृषि संकलन तथा वितरण केन्द्र स्थापन गर्ने नीति लिईनेछ । साथै स्थानीय स्तरमा उत्पादित कृषि तथा पशु जन्य बस्तुको विक्रीवितरण गर्न विभिन्न स्थानहरुमा बिक्रि केन्द्रहरु स्थापना गर्दै उत्पादित बस्तु संकलन र वजारीकरणको लागी कृषि एम्बुलेन्स व्यवस्था गरिनेछ ।

1.7 विदेशबाट फर्किएर आएका युवा र वेरोजगार युवाहरुलाई प्राबिधिक सीप र व्यवसायीक ज्ञान तालिम प्रदान गर्दै व्यवसायीक कृषि र पशु पालन उद्यमको लागी सहयोग गर्दै युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ साथै कृषि उत्पादनमा आधरित अनुदानको व्यवस्था गरिनेछ ।

1.8 एक घर एक करेसा बरी एक घर एक अर्गानिक तरकारी उत्पादनको अवधारणा विकास गरी कृषकहरुलाई प्रोत्साहित गरिनेछ । नमुना कृषि फर्म सञ्चालनमा कृषकहरुलाई अनुदानको व्यवस्था मिलाईनेछ ।

1.9 कृषि तथा पशुपंक्षी मन्त्रालायद्धारा तोकीएको बिभिन्न कार्यक्रमहरु संग साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।

1.10 गाउँपालिकाको हरेक वडाको कृषि योग्य जमिनहरुको माटो परीक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ साथै कृषक पाठशाला सञ्चालनको लागी नीति तर्जुमा साथ बजेटको व्यवस्था गरिनेछ ।

2. **स्वास्थ्य नीतिः**

2.1 विकासको साध्य र साधन दुवै नागरिकनै भएकाले सवै नागरिकलाई स्वस्थ वनाई उत्पादकत्व अभिबृद्धि गर्न र सवल मानव पूँजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्रथिमक्ता दिईनेछ । स्वस्थ नागरिक स्वस्थ, समाज स्वस्थ जीवन र त्यसका लागी स्वस्थ उत्पादन र स्वस्थ उपभोग गर्ने बानी विकास गर्न समाजिक जागरण ल्याइनेछ ।

2.2 प्रदेश स्तरीय अस्पताललाई राष्ट्रिय राजनितीमा योगदान गर्नुहुने कार्यवाहक पूर्व प्रधानमन्त्री **"स्व. बल बहादुर राई"** को नामबाट नामकरण गरिनेछ ।

2.3 गाउँपालिकाले एम्बुलेन्स खरिद गरी विपन्न नागरिक, जेष्ठ नागरिक, दीर्घ रोगी, पूर्ण अपाङ्ग र गर्भवती महिलाहरुलाई निशुल्क साथै आम नागरीकलाई सर्वसुलभ सेवा दिने नीती लिईनेछ ।

2.4 जेष्ठ नागरिक, दीर्घ रोगी र पूर्ण अपाङ्ग भएका व्यक्तिहरुलाई स्वास्थ्य सेवा पाउने अनिवार्य अधिकारको प्रत्यभूत गराउदै घरदैलो स्वास्थ्य सेवाको लागी आवश्यक कार्यवीधि निर्माण गरी स्वास्थ्य सेवा दिने प्रबन्ध मिलाई आवश्यक वजेट विनियेजन गरीनेछ ।

2.5 नेपाल सरकारले लागु गरेको स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभाकारी बनाई अनिवार्य लागु गर्ने नीति अवलम्वन गरिनेछ ।

२.६ सबै वडाहरुमा आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान गर्ने प्रकृयलाई सुनिश्चितता साथै निशुल्क सेवाको औषधिहरुलाई निरन्तर आपुर्तिको व्यवस्था गरिनेछ । भौगोलिक हिसावले विकट रहेका वस्तिहरुमा स्वास्थ्य इकाई केन्द्र क्रमस निर्माण गरिनेछ । स्वास्थ्य चौकी भवन नभएको वडामा अनिवार्य भवन निर्माणको लागी संघ र प्रदेश सरकारसंग पहल गरिनेछ ।

२.७ महिला स्वास्थ्य स्वंम सेविका कार्यक्रमलाई अझै प्रभाकारी बनाउने नीति अवलम्वन गर्दै गाउँघर क्लिनिक तथा खोप क्लिनिक सेवालाई नियमित प्रभावकारी गुणस्तरीय एवं सहभागितात्मक बनाउदै न्यूनतम स्वास्थ्य मापदण्ड प्रभावकारी कार्यन्वयन गरिनेछ ।

२.८ संघसंस्था तथा सरोकारवालाहरुको समन्वयमा प्रत्येक वडामा बर्षमा १ पटक स्वास्थ्य शिविर सञ्चालनको नीति अवलम्वन गरिनेछ ।

२.९ पहिलो स्थानीय सरकारको नेतृत्वको पहलमा डीपिआर सम्पन्न भएको पाँच शैंयाको अस्पताल यही आर्थिक बर्षबाट निर्माण कार्य थालनी गरिनेछ ।

२.१० मातृ तथा शिसु स्वास्थ्याको अवस्थालाई सुदृढ गर्दै नियमित गर्व जाँच तथा सुरक्षित मातृत्वलाई प्राथमिक्तामा राख्दै स्वास्थ्य केन्द्रमा सत प्रतिशत प्रशुति गराउने अभियानमा जोड दिईनेछ साथै सुत्केरी भेट कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२.११ पालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ । स्वास्थ्य कर्मचरीलाई विभिन्न उपकरणको तालिम सहित स्वास्थ्य संस्थमा District Health Information Software (DHIS) को प्रयोग गर्न आवश्यक बजेटको तर्जुमा गरिनेछ । साथै भवन निर्माण, मर्मत सम्भार, आवश्यक औजार र उपकरणको व्यवस्थामा जोड दिईनेछ ।

२.१२ गाउँपालिका भित्र सञ्चलन गरिने बिभिन्न स्वास्थ्य शिविरहरु यस गाउँपालिकाबाट स्वीकृति पश्चात मात्र सञ्चालन गरिने व्यवस्था गरिनेछ ।

२.१३ माहामारिको रुपमा फैलिएको किटजन्य रोगहरु मध्यनजर गर्दै न्यूनीकरणको लागी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गर्दै आवश्यक बजेट विनियोजन गरीनेछ ।

## ३. शिक्षा यूवा तथा खेलकुद नीतिः

३.१ शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारसँग, रोजगारलाई उत्पादनसँग साथै उत्पादन लाई बजारसँग जोड्ने शिक्षा प्रदान गर्ने नीति लिईनेछ ।

३.२ सामुदायिक विद्यालयमा अतिरिक्त कार्यक्रम सञ्चालन, लोक सेवा कक्षा सञ्चालन (***राष्ट्रसेवक कर्मचारी बिद्यालयमा)*** जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

३.३ कृषि, पशु, वन र इन्जिनियरिङ विषय (Pre-Diploma and Diploma level) तर्फ अध्यनरत गरिव, विपन्न र जेहेन्दार बिद्यार्थीलाई छात्रवृत्ति दिईने नीति अवलम्वन गर्दै छात्रवृत्ति कोष स्थापना गरि लागु गरीनेछ ।

३.४ यस गाउँपालिका आफ्नै लगानीमा आफ्नै डाक्टर र इन्जिनियर उत्पादन गर्ने नीति लिएको छ । यस कार्यक्रमलाई कार्यान्वयन गर्न बिशेष बजेटको व्यवस्था गरिनेछ ।

३.५ माध्यामिक बिद्यालयहरुमा सृजनात्मक कला, कम्प्युटर र खेल शिक्षकको व्यवस्थापन गर्न आवश्यक नीति तर्जुमा र विशेष बजेटको व्यवस्था गरिनेछ ।

३.६ सामुदायिक बिद्यालयहरु समुदायको स्वामित्व रहने भएको हुँदा बिद्यालयलाई दिगो र स्थायीत्वका कायम गरि सञ्चालनको लागि गाउँपालिका, अविभाबक र पूर्वबिद्यार्थीको सहभागितामा शैक्षिक सुधार कोष स्थापना गरिनेछ ।

३.७ माध्यमिक र निम्न माध्यमिक बिद्यालयहरुमा ईको क्लबको गठन गरी समुदाय स्तरमा वातावरण सम्बन्धि क्रियाकलाप सञ्चालन गरिनेछ । पालिका स्तरीय बिद्यालयहरुमा साप्ताहिक सृजनात्कम र अतिरिक्त कृयाकलापहरुको सञ्चालन र व्यवस्थापन साथै राष्ट्रपती रनिङ्ग कप प्रतियोगिता प्रभावकारी तवरले सञ्चलान गर्न विशेष बजेटको विनियोजन गरिनेछ

३.८ "***नियमित शारीरिक व्यायम स्वास्थ्य जीवन, अनुसाशित बिद्यार्थी"***उत्पादनको लागी जुनियर रेडक्रस र स्काउट गठन गरी सञ्चालनमा ल्याइनेछ । साथै विद्यालय तहमा नेपाली सेनाको समन्वयमा NCC तालिम सञ्चालन गर्न पहल गरिनेछ ।

३.९ पालिका अन्तर्गत एक नमुना बिद्यालय, एक स्नातक तहको क्याम्पस र डिप्लोमा तह सम्मको प्राबिधिक बिद्यालय विकास गर्न यसै आर्थिक बर्षबाट पहल गरिनेछ । अन्य बिद्यालयहरुलाई क्रमागत प्राबिधिक धारको विकासमा जोड दिने नीति अवलम्वन गरिनेछ ।

३.१० हाम्रो लागी शिक्षा अभियानलाई विशेष प्राथमिक्ता दिई बिद्यालय छाडेका बिद्यार्थिहरुको पहिचान गरी बिद्यालय भर्ना अभियान सञ्चालन गर्ने र अध्ययन निरन्तरताको लागी समुदाय बिद्यालयहरुसंगको साझेदारीमा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने नीति अनिवार्य लागु गरिनेछ ।

३.११ शिक्षक र बिद्यार्थी अनुपातको विश्लेषण गरी दरबन्दी मिलान, नीजि शिक्षक र कर्माचारी व्यवस्थापन र बिद्यालय एकीकृत गर्ने नीति लिईनेछ ।

३.१२ बिद्यार्थीहरुको सिकाई उपलब्धिको आधारमा प्रतिस्पर्धाको वातावरण सृजना गरि पुरस्कार वा दण्डको नीति अवलम्वन गरिनेछ ।

३.१३ अडिमर्दन मगर पुस्ताकालय स्थापना गरिनेछ । उक्त परियोजना व्यवस्थापनको लागी आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

३.१४ शिक्षाको गुणस्तर सुधारका लागी शिक्षकहरुको माग र आवश्यक्ता अनुसार बिषयगत तालिमको व्यवस्था गरिनेछ । मन्टेश्वरी र आधारभूत तहमा शैक्षिक गुणस्तर अभिबृद्धिको लागी विषय विज्ञहरुको व्यवस्था गरी उत्प्रेरणा तालिम प्रदान गरिनेछ ।

३.१५ माध्यामिक बिद्यालय सञ्चलान भएका बिद्यालयहरुमा दिवा खाजा कार्यक्रमलाई स्थानीय स्तरमा उत्पादित वस्तुसंग जोड्दै चमेना गृह सञ्चालन गरिनेछ । साथै चमेना गृह सञ्चालनको लागी गउँपालिकाले आवश्यक सहयोग गर्ने व्यवस्था मिलाउनेछ ।

३.१६ बिद्यालय स्तरमा छात्रा बिद्यार्थीले प्रयोग गर्ने स्यनीटरी प्याड सहज रुपमा उपलब्ध गराउने वातावरण सृजना गर्ने र प्याड डिस्पोजल गर्नको लागी हरेक बिद्यालयमा डिस्पोजल मेसिन जडानको लागी आवश्यक रकमको व्यवस्था गरिनेछ ।

३.१७ बिद्यार्थी भर्ना अभियानलाई अझ प्रभावकारी वनाउन बिद्यालय, बिद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, जनप्रतिनीधि, कर्मचारी र सरोकारवालहरुलाई परिचालन गरिनेछ ।

३.१८ पालिका भित्र सञ्चालनमा रहेका माध्यमिक बिद्यालयहरुमा अनिवार्य वित्तिय शिक्षा तथा व्यवसायीक ज्ञान तालिम दिने प्रबन्ध मिलाईने छ ।

३.१९ बिद्यालयमा भएको भौतिक संरचनाको विश्लेषण गरी बिद्यालयहरुको भौतिक पुर्वाधार मर्मत सम्भार र नयाँ पूर्वाधार क्रमस निर्माण गर्दै लगिनेछ ।

३.२० गाउँपालिकाको केन्द्रमा रहेको बिद्यालयमा छात्र-छात्राहरुको लागी आवासीय सुविधा सहितको बिद्यालयको विकास गरिने नीति लिईनेछ ।

३.२१ संभावित संकटले बिद्यालयमा नियमित पठनपाठनको वातावरण नहुने अवस्थामा बैकल्पिक शिक्षण पद्धतिको विकास गरी बिद्यार्थी सिकाई सहजीकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

३.२२ कक्षा १ देखी ९ र ११ सम्मको परीक्षा प्रणालीलाई पालिका स्तरीय सञ्चालन गरिने नीति अवलम्वन गर्दै अन्तर बिद्यालय उत्तर पुस्तिका जाँच गर्ने प्रबन्ध मिलाईनेछ साथै यस कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरिनेछ ।

३.23 यस आर्थिक वर्षबाट पालिका स्तरीय अध्यक्ष कप, वडा तथा टोल स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । साथै यस गाउँपालिकाबाट राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने खेलाडिहरुलाई सहयोग तथा सम्मान कार्यक्रमको लागी आवश्यक बजेट विनियोजन गरिनेछ ।

३.24 प्रजातन्त्र र लोकतन्त्र प्राप्तिको लागी राष्ट्रिय स्तरमा अहम भूमिका निर्वाह गर्नुहुने व्यक्तित्व पूर्व राज्य मन्त्री गोपाल राईको नाममा नामकरण गरी गोपाल राई खेलकुद रंगशाला स्थापन गरिनेछ । खेल मैदान जग्गा व्यवस्थापन र गुरुयोजना निर्माणार्थ यस आर्थिक बर्षमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३.25 गाउँपालिकाका प्रत्येक वडाहरुमा खेल मैदानहरुको क्रमश निर्माण र स्तरबृद्धि गर्ने नीति अवलम्वन गरिनेछ ।

३.26 यूवाहरुलाई स्वरोजगारको लागी प्राबिधिक तथा व्यवसायीक ज्ञान  विभिन्न सिपमुलक तालिम, प्रतिस्पर्धात्मक रोजगारी परीक्षाका (लोक सेवा र शिक्षा सेवा आयोग )  तयारी कक्षाहरु सञ्चालन गर्न बिशेष सहयोग गरिनेछ ।

३.27 गाउँपालिका स्तरीय यूवा परिषद गठन गरी वेरोजगार यूवाहरुको पहिचान गर्दै यूवा स्वरोजगार सशक्तिकरण तथा समाजिक उत्तरदायीत्व बोध गराउने नीति अवलम्वन गरिनेछ ।

## 4. खानेपानी तथा सरसफाई नीतिः

4.1 निरन्तर कार्यान्वयनमा रहेको बृहत खानेपानी योजनाहरु नियमित रुपमा निर्माणार्थ प्रदेश र सङ्घीय सरकारको समन्वयमा आवश्यक बजेटको व्यवस्था गरी सम्पन्न गरिनेछ ।

4.2 प्रत्येक टोल र बस्तिमा स्वच्छ खानेपानी उपलब्ध गराउन स्थानीय सरोकारवालाहरु संगको सहकार्य र समन्वयमा र वडाकार्यालयको अगुवाईमा समुदाय परिचालन नीति बनाई अनिवार्य लागु गरिनेछ ।

4.3 खानेपानीको योजना सञ्चालन गरिदा मर्मत सम्भार कोषको स्थापना उपभोक्ताले गर्नु पर्ने नीति लागु गरिनेछ ।

4.4 नीजि क्षेत्राधिकार भित्र रहेका मुहानहरु खानेपानीमा उपभोग गर्न आवश्यक ठहरिएमा पालिकाको निर्णपयबाट स्वीकृति दिने नीति अबलम्वन गरिनेछ ।

4.5 जिर्ण रहेको खानेपानी योजनाहरु मर्मत सम्भार र व्यवस्थापनमा जोड दिई उपभोक्ताहरुमा खानेपानी पहुँचमा वृद्धि गरिनेछ ।

4.6 खानेपानीको संकट रहेका गाउँ बस्तिमा मुहानको पहिचान गरी डीपिआर निर्माण साथै सरोकारवाला निकायहरुको साझेदारीमा निर्माण गरिनेछ । आर्थिक बर्ष ०८२/०८३ भित्र एक घर एक धारा अवधारणाको नीति अवलम्वन गरिनेछ ।

4.7 स्वच्छ वातावरण सृजना गर्न हाम्रो दायीत्व भन्ने भनाईलाई अनुसरण गर्दै यस पालिका भित्र भित्रिने सिसा र पलास्टिक जन्य बस्तुको आयतमा रोक लगाउने नीतिलाई अनुसरण गरी कार्यान्वयनमा ल्याइनेछ ।

4.8 फोहोरलाई मोहोरमा बदल्न फोहोर जन्य बस्तुलाई पूनः प्रयोगमा ल्याउन लघुउद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गरी सञ्चालनको नीति अवलम्बन गरिनेछ ।

4.9 बजार क्षेत्रको फोहोर व्यवस्थापन गर्न आवश्यक नीति तर्जुमा गरी फोहोर व्यवस्थापन गरिनेछ साथै बजार तथा अत्यावश्यक सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयको निर्माण गरी निशुल्क सेवा प्रवाहको प्रवन्ध मिलाईनेछ ।

## 5. सडक तथा यातयात नीतिः

5.1 गत आर्थिक बर्षमा डीपिआर भएको सडकहरुको स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारको सहयोग र समन्वयमा स्वीकृती भएको कार्यक्रममलाई उच्च प्राथमिक्ता साथ कार्यन्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

5.2 पालिका स्तरीय गौरवको आयोजना "बलबहादुर राई ग्रामिण समावेशी सडक" को बाँकी रहेको ट्र्याक निर्माण र डीपिआर कार्य सम्पन्न गरी कालो पत्रेको लागी संघ/प्रदेश सरकारमा विशेष पहल गरिनेछ ।

5.3 अन्तरपालिका सञ्जाल सडकहरु बौद्ध देखी वाक्सा-मोली हुँदै घोपटार, केत्तुके देखी निसङ्खे र हिटि उँबु हुँदै जयराम र हिटी-सातसल्ले हुदै हर्कपुर सडक स्तरउन्नती र कालो पत्रे साथै गाउँपालिका स्तरीय रिङ्ग रोडको अवधारणा अवलम्वन गरी संभाव्यता अध्ययन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

5.4 गाउँपालिका भित्र निर्माण भई सकेका सडकहरुको रेखाङ्कन र लागत कट्टा गरी सार्वजनिक सडकमा रुपान्तरण गरिनेछ साथै सडकका प्रकृतिको आधारमा सडकको चौडाइको सीमानिर्धारण गरिनेछ ।

5.5 गाउँपालिका भित्र निर्माण सम्पन्न सडकहरुको प्रयोगको चापलाई हेरी सोको स्तरउन्नति मर्मत सम्भार गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

5.6 मानेभन्ज्याङ गाउँपालिका वडा १ र २ को बीचमा पर्ने पंखु खोला र यस गाउँपालिका वडा नं. १ रेल्पु र हलेसी तुवाचुङ नगरपालिका वडा ४ दुधकोशीमा मोटरेवल पुल निर्माण गर्न सङ्घीय र प्रदेश सरकारसँग विशेष पहल गरिनेछ ।

5.7 सडकमा अवरोध सृजना गर्ने कार्य (निर्माण सामग्री राख्ने, सडक मिचेर घर टहरा बनाउने/पसल थाप्ने) जस्ता कार्यहरुलाई निरुत्साहित गरिनेछ । यस्ता कार्य गर्नेलाई नियमानुसार कारबाहीको दायरामा ल्याइनेछ ।

5.8 ट्राफिक व्यवस्थालाई सहज र सरल बनाउदै सम्भावित सडक दुर्घटनालाई न्यूनीकरण गर्ने नीति लिईनेछ ।

6. **भौतिक तथा पूर्वाधार विकास नीताः**

6.1 योजना छनौट गर्दा वहुबर्षीय योजनाहरु, अघिल्लो बर्ष सम्झौता हुन नसकेका वा काम सम्पन्न हुन नसेकेका योजनहरुलाई प्राथमिक्ताको साथ अगाडि बढाइनेछ ।

6.2 भौतिक पूर्वाधारका क्षेत्रमा गाउँपालिकाले लगानी कर्ता, उत्प्रेरक, सहजकर्ता, समन्वयकर्ता नियामक र नियन्त्रणको रुपमा भूमिका निर्वाह गर्ने नीति रहनेछ ।

6.3 निर्मित पूर्वाधारको नियमित मर्मत सम्भार, सञ्चालन, संरक्षण एवं सम्वर्द्धन गर्न नीजि क्षेत्र तथा सहकारी क्षेत्र र उपभोक्ता समितिलाई प्रोत्साहित गर्ने नीति ल्याइनेछ ।

6.4 भूगोलको असहज परिस्थितीलाई मध्यनजर राख्दै प्रत्येक वडामा एक हेलिप्याडको निर्माण गरिनेछ ।

6.5 यस पालिकाका उच्च सम्मानका व्यक्तित्वहरुको सम्मानार्थ स्मृति पार्क, सामुदायिक भवन प्रतिक्षालय निर्माण गर्ने नीति लिइनेछ ।

6.6 भौतिक पूर्वाधार विकासमा प्रयोग हुने सवारी तथा ढुवानी र निर्माणका साधनहरुलाई गाउँपालिकामा अनिवार्य सूचीकृत गराइ सञ्चालन गर्ने नीति ल्याइनेछ ।

6.7 ग्याल्मु झोलङ्गे पुल, वडा नं. १ हेर्गा झोलङ्गे पुल, वडा नं. १ र २ पंखुखोला झोलङ्गे पुल, वडा नं. १ र २ पंखुखोला तित्रिबोट झोलङ्गे पुल, भालुखोला झोलङ्गे पुल र चनौटे घामताप्ने वडा नं. ८ र ९ झोलङ्गे पुलहरुको यस आर्थिक वर्षमा डी.पि.आर तयार गरी आ.ब. ०८०/०८१ भित्र सङ्घीय सरकार र प्रदेश सरकारको समन्वयमा योजना निर्माण सम्पन्न गरिनेछ ।

7. **सहरी विकास तथा भवन निर्माण नीतिः**

7.1 नीजि वा समुदाय भवन निर्माण गर्दा नेपाल सरकारले लागु गरेको सङ्घीय संहितासँग नबाझिने गरी पालिका स्तरीय भवन निर्माण संहिता नीति बनाइ यसै आर्थिक वर्षबाट लागू गरिनेछ ।

7.2 सबै वडा कार्यालयको भवन आगामी ४ बर्ष भित्र निर्माण गरिने लक्ष्यको साथ सङ्घीय र प्रदेश सरकारसँग पहल गरिनेछ ।

7.3 एक्कीकृत नमूना वस्ती विकास नीति निर्माण गरी अविलम्व लागु गरिनेछ ।

7.4 पालिका स्तरीय बहुआयमीक सामुदायिक भवन निर्माण गर्न प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

7.5 गरिव, एकल महिला, अपाङ्ग, दलितहरुको बाँस स्थान सुरक्षित गर्न आवासको व्यवस्था र फुसको छाना विस्थापन र बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण र सञ्चालन गर्न नीति तर्जुमा गरी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

8. **जलश्रोत तथा सिंचाइ नीतिः**

8.1 दुधकोशी, मोलुङ्ग, रोम्दु, खोला ,पंखु खोला र मसार खोला बृहत जलाधार संरक्षणमा जलाधार नीति तर्जुमा गरी जलाधार संरक्षणको पहललाई बिशेष बजेटको व्यवस्था गरिनेछ ।

8.2 परापूर्वकालमा रहेको मुहानको पहिचान गरी पुनःउत्थानको लागी बृहत मुहान संरक्षण अभियान सञ्चालन गरिनेछ । सोको लागी बिषयगत क्षेत्रमा कार्यरत संघसंस्थाको समन्वयमा आवश्यक रकमको व्यवस्थापन गरिनेछ ।

8.3 मोलुङ्ग र दुधकोशी तटिय क्षेत्रमा पर्ने सुख्खा जमिनमा लिफ्टिङ सिंचाइको पहुँच वृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ । सो आयोजना कार्यन्वयनको निमित्त जग्गा क्षेत्रफलको लागत र गुरु योजना तयारीको लागी आवश्यक रकमको व्यवस्था गरिनेछ ।

8.4 हाईब्रिट लिफ्टिङ प्रविधि प्रयोग गरी सुनकोशी देखि सिम्ले सिंचाइ योजना सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

8.5 सञ्चालनमा रहेको सिंचाइ कुलोको मर्मत सम्भार गरी उपभोक्ताको सिंचाइ पहुँचमा बृदि गरिनेछ । सोको लागी लागत अनुसार सरोकारवाला निकायसँगको सहकार्यमा बजेट तर्जुमा गरिनेछ ।

## 9. वन तथा वातावरण नीति

9.1 गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुमा कृषि तथा वन सहज कार्यक्रम सञ्चालन ल्याइ उद्यमशीलता विकास गरिनेछ । साथै बाँजो जग्गामा वृक्षारोपण गराइ एक परिवार एक नीजि वन बनाउन प्रोत्साहित गरिनेछ ।

9.2 वनलाई वातावरण संरक्षण सँगसंगै आयआर्जन सँग जोडेर सदुपयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

9.3 नदी खोल्सा किनारा मुहान वरपरको ३० मिटर भूमिमा रुख तथा बोट बिरुवा कटान पूर्ण प्रतिबन्ध लगाइ खाली जग्गामा वृक्षारोपण गर्ने नीति अनिवार्य अवलम्वन गरिनेछ ।

9.4 एक रुख कटानी गरे वापत कटानी गर्ने गराउनेले कम्तिमा ५ विरुवा रोप्नु पर्ने नीति अवलम्वन गरिनेछ ।

9.5 गाउँपालिका भित्रको सामुदायीकपिवनस वन क्षेत्रमा पाइने जडीबुटीको पहिचान गरिनेछ साथै ध्याब्लु र लिब्जु सामुदायिक वन क्षेत्रलाई बोटानीकल बगैचाको रुपमा विकास गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ ।

9.6 वायो ग्यास, बिद्युतीय र धुवा रहित सुधारिएको चुलो घर घरमा जडना गर्न पहल गरिनेछ ।

9.7 जलवायु परिवर्तनलबाट परेको असर न्यूनीकरण गर्न स्थानीय स्तरको जलवायु परिवर्तन अनुकूलन योजना (Local Adaptation Plan of Action) LAPA तर्जुमा गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

9.8 गाउँपालिका भित्रको सडकको किनारामा सडक हरियाली कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

9.9 पहाडको उच्च भागमा रिचार्ज पोखरीको निर्माण गरिनेछ । नीजि वन संरक्षणमा क्षेत्रफलको आधारमा निज व्यक्तिलाई वातावरण पुरस्कारले सम्मान गरिनेछ ।

9.10 मापदण्ड विपरीत सञ्चालनमा रहेका तथा प्रदुषणयुक्त कलकारखाना तथा उद्योगहरुलाई विस्थापित गरी भू-उपयोग नीति अवलम्वन गर्दै वातावरणमैत्री औद्योगिक ग्राम स्थापना गरिनेछ ।

## 10. विपद व्यवस्थापन नीतिः

10.1 विपद उद्धारमा सबै भन्दा पहिला पुग्ने सुरक्षा निकायलाई उद्धारको आवश्यक सामग्रीयुक्त र विपतबाट हुने क्षति कम गर्न आवश्यक न्यूनतम यन्त्र, साधन तथा औजारहरुको उचित व्यवस्थापन साथै समन्वय सहयोग तथा नियन्त्रणका आधारमा विपद व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

10.2 विपद व्यवस्थापन कोषको स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ । गाउँपालिका र वडा स्तरीय विपद व्यवस्थापन समितिलाई श्रोत साधनयुक्त बनाइ तयारी अवस्थामा राखिनेछ ।

## 11. महिला तथा बालबालिकाः

11.1 हिंसामा परेका महिलाहको उद्धार र कानूनी सहायताको निम्ति  कोषको स्थापना गरी सहयोग गरिनेछ ।

11.2 पाठेघर समस्या र स्तन क्यान्सर भएको महिलाको लागी उपचारमा आवश्यक अनुदान सहयोग गरिनेछ ।

11.3 आवश्यक नीति अवलम्वन गरी महिला उद्यम केन्द्रको विकासको लागी बजेटको व्यवस्था गरिनेछ साथै सेफ हाउस निर्माण गर्न पहल गरिनेछ ।

11.4 एकल महिला, दलित महिला र विपन्न वर्गका महिलाहरुलाई व्यवसायिक बनाउन उद्यमशीलताको तालिम सञ्चालन गर्ने र उद्योग स्थापनाको लागी दर्तामा पूर्ण छुट र लगानीमा कार्यपालिकाको निर्णयानुसार अनुदान सहयोग गरिने नीति अवलम्वन गरी विशेष बजेटको व्यवस्था गरिनेछ ।

11.5 लैंगिक हिंसा न्यूनीकरण तथा प्रतिकार्य कार्यक्रम परियोजनासँग साझेदारी कार्यक्रम सञ्चालन गर्दै लैंगिक र घरेलु हिंसा रहित समाज निर्माणको लागी आवश्यक कार्यक्रमहरु लागु गरिनेछ ।

11.6 महिलाका आर्थिक, सामाजिक र सांस्कृतिक पक्षको परिवर्तनका लागी योजना तथा कार्यक्रमहरु सञ्चलान गर्दै लैजाने नीतिलाई निरन्तरता दिईनेछ ।

11.7 बालबलिकाहरुलाई भविष्यको कर्णधारको रुपमा मात्र हैन वर्तमान विकासको साझेदारको अङ्ग लिइने नीतिलाई निरन्तरता दिदै यस आर्थिक वर्षबाट बालबलिकाहरुको भविष्य सुनिश्चिताको लागी जन्म दर्ता सँगै भविश्य बचत खाता सञ्चालन गरी दिने नीति अवलम्वन गरी अनिवार्य लागु गर्न बजेटको तर्जुमा गरिनेछ ।

11.8 बालमैत्री स्थानीय शासन रणनीति २०६८ ले बालमैत्री स्थानीय शासनको क्षेत्रमा तोकिएको ३९ वटा सूचकहरुलाई न्यूनतम सूचक मानी सो सूचकहरु पूरा गर्न निरन्तरता दिदै आवश्यक बजेट विनियोजन गरिनेछ ।

11.9 बाल विवाह, वाल श्रमिक न्यूनीकरण गर्ने अभियानहरु निरन्तर सञ्चालन गरिने नीति अङ्गिकार गरिनेछ ।

11.10 जोखिममा परेको बालबालिकाका उद्धार र सहयोग कोषको स्थापना गरी आवश्यक नीति बनाइ कार्यान्वियनमा ल्याइनेछ ।

11.11 भिन्न क्षमता भएका बालबालिकाहरुको लागी विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिदै कार्यान्वियनको लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**12. आदिवासी जनजाती, दलित, अपाङ्ग तथा जेष्ठ नागरिक सम्वन्धी नीतिः**

12.1 आदिवासी जनजातीहरुको संविधान प्रदत्त अधिकारलाई सुनिश्चित गर्दै आर्थिक समाजिक एवं साँस्कृतिक विकासको साथै भाषा संस्कृति पराम्परा र पुर्ख्यौली सीपको संरक्षण तथा प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिदै आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

12.2 जातीय भेदभाव तथा छुवाछुत ऐन २०६८ को प्रभावकारी कार्यान्वियनमा जोड दिदैं छुवाछुत मुक्त गाउँपालिका निर्माण गरिने नीति ल्याइनेछ ।

12.3 दलित वर्गको जीवनयापन सहज बनाउन सचेतना तथा सीप विकास कार्यक्रम सञ्चालन साथै उक्त समुदायका पराम्परागत पेशा, कला र सीप संरक्षण र सम्बर्द्धन गर्दै एक वडा एक पेशाको विकास गर्न आधुनिकीकरण र व्यवसायिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

12.4 पूर्ण आपाङ्ग स्याहार केन्द्रको स्थापना र अपाङ्ग मैत्री सीप विकास तालिम सञ्चालन गर्ने नीति अवलम्वन गरिएकोछ ।

12.5 सामाजिक सुरक्षा भत्ता वडा तहबाट वितरण गर्न आवश्यक नीति अवलम्वन गरी पहिलो त्रैमासिकबाट कार्यान्वियनमा ल्याइनेछ ।

12.6 आफ्नो घरका जेष्ट नागरिकलाई उत्कृष्ट हेरचाह गर्ने परिवारका सदस्यहरुलाई छनोट गरी सम्मान गर्ने नीतिलाई निरन्तरता दिदै कार्यान्वियनमा ल्याइनेछ ।

12.7 जेष्ठ नागरिक स्याहार गृह स्थापना गर्ने नीति लिईनेछ ।

12.8 पूर्व राष्ट्रिय सभाका सदस्य स्व. लघुधन राईको नाममा नामाकरण गरी ***"लघुधन राई बृद्धाश्राम केन्द्र"*** को स्थापना गर्न पहल गरिनेछ ।

12.9 जेष्ठ नागरिक परिचय पत्र सहज रुपमा उपलब्ध गराउने साथै सम्मान कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

## १३. ऊर्जा नीतिः

१३.१ आर्थिक वर्ष ०८०/०८१ भित्र सबै वडामा केन्द्रीय प्रसारण लानइको विस्तारलाई पूरा गरिनेछ ।

१३.२ बैकल्पिक ऊर्जाको प्रयोगबाट पालिका भित्र रहेका बजार क्षेत्रको सडकहरु र अत्यावश्यक सार्वजनिक स्थान र धार्मिक र पर्यटकीय क्षेत्रमा सरोकारवाला संघसंस्थाको सहकार्यमा बत्तीको जडान गरिनेछ ।

१३.३ बिद्युतीय चुल्होको सबैले अनिवार्य प्रयोगमा ल्याउन आह्वान गरिनेछ ।

१३.४ खानेपानी र सिंचाइको लिफ्टिङमा सौर्य उर्जा प्रविधिको प्रयोगलाई उच्च प्राथमिक्ता दिने नीतिलाई अवलम्वन गरिनेछ ।

## १४. सहकारी तथा गरिवी निवारण नीतिः

१४.१ गाउँपालिका भित्र रहेका विभिन्न सहकारी संस्थाहरु एकीकृत गरी पालिकामा एक वटा मात्र पालिका स्तरीय बिषयगत सहकारी बनाउने नीति लिइनेछ ।

१४.२ गाउँपालिकाले प्रबर्द्धन गर्ने गरी गाउँपालिका स्तरीय कृषि सहकारी स्थापना गर्ने नीति रहनेछ ।

१४.३ सहकारी संस्थाहरुलाई भवन निर्माण, प्रविधिमा सहयोग साथै सहकारी व्यवस्थापन र लेखा व्यवस्थापन लगायतका तालिममा सहयोग गर्ने नीति लिदै आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१४.४ पाँच वर्ष भित्र प्रत्येक घरधुरीमा एक जना सदस्यलाई सहकारीको माध्यमबाट वित्तीय शिक्षा तथा व्यवसायिक ज्ञान तालिमको प्रबन्ध मिलाउदै प्रत्येक नागरिकलाई सहकारीमा आबद्ध भई व्यवसायिक बन्न प्रोत्साहन गर्ने नीति लिई आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१४.५ सहकारी सम्बन्धी स्थानीय तथ्यांक व्यवस्थापन र अध्ययन तथा अनुसन्धान गरी दैनिक उपभोग्य वस्तु कृषि, वन, मत्स्य तथा पशु जन्य पदार्थ उत्पादन र बिक्री वितरण गर्ने सहकारीलाई विशेष अनुदानको व्यवस्था गरिनुका साथै प्रमुख वस्तिमा सुपथ मूल्यमा सहकारी मार्टहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

१४.६ यसै आर्थिक बर्षबाट राष्ट्रिय राजनीतिमा योगदान गर्नु हुने पूर्व कार्यवाहक प्रधानमन्त्री स्व. बल बहादुर राईको नाममा नामकरण गरी ***"बल बहादुर राई स्वरोजगार तथा गरिवी निवारण कोष"*** को स्थापना गर्न आवश्यक नीति तर्जुमा गरी बजेटको व्यवस्था गरिनेछ ।

१४.७ प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिवी निवारणको लागी लघुउद्यम विकास कार्यक्रम, गरिवसँग विशेश्वर कार्यक्रम र बल बहादुर राई स्वरोजगार तथा गरिवी निवारण कोष कार्यक्रमलाई एकीकृत गरी रोजगारमूलक, व्यवसायिमूलक र लघु उद्यम विकास गर्न सहकारी, कृषि तथा पशु विकासको क्षेत्रमा कार्यक्रम सञ्चालन गराउने नीतिमा व्यवस्था गरिनेछ ।

१४.८ पालिका भित्र सञ्चालित गरिवी निवारण कोष र स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिदैं गरिवी निवारण कोषद्धारा प्रबर्द्धित सामूदायिक संस्थाहरुलाई सहकारी संस्थाहरुमा समायोजन वा पूनर्उत्थान गरी रोजगारी प्रबर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१४.९ पालिका भित्र विपन्न नागरिकको पहिचान र सूचीकृत गरी विपन्न परिचय-पत्रको व्यवस्था गर्दै दैनिक उपभोग्य वस्तुमा अनुदान नीति ल्याइनेछ ।

## १५. सूचना, सञ्चार तथा प्रविधि विकास नीतिः

१५.१ यस आ.ब भित्रमा सबै वडाहरुमा इन्टरनेटको सञ्जाल विस्तार गरिनेछ । साथै मुख्य चोक बजार क्षेत्र, धार्मिक पर्यटकीय क्षेत्र र सम्वेदनशील स्थानहरुमा निशुल्क वाइफाई र सि.सि. टि.भी जडान गर्ने नीति लिईनेछ ।

१५.२ बिद्युतीय शासन प्रणाली मार्फत गाउँपालिकाको कार्यक्रम तथा सूचनाहरुलाई प्रबर्द्धन गर्ने नीति अनुरुप वेभ साईट अध्यावधिक गर्ने तथा सञ्चार माध्यमहरु मार्फत सूचना प्रकाशन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१५.३ गाउँपालिकाका सबै वडा कार्यालयहरुलाई बिद्युतीय सञ्जाल मार्फत गाउँपालिकाको कार्यालयसँग सञ्जालमा राख्ने नीतिलाई निरन्तरता दिदैं सम्पूर्ण वडाहरुमा डिजिटलाईज गरिनेछ ।

15.4 जनप्रतिनिधि तथा कर्मचारीहरुलाई प्रविधीमैत्री बनाउन प्रविधि साथै विभिन्न क्षमता अभिबृद्धि तालिमलाई निरन्तरता दिईनेछ ।

15.5 पालिकालाई प्रविधिमैत्री बनाउने नीति अनुसरण गर्दै वडा कार्यालय र बिद्यालयहरुमा यस आर्थिक वर्ष भित्र इन्टरनेट सेवा विस्तार गरिनेछ ।

## 16. उद्योग, पर्यटन प्रबर्द्धन तथा संस्कृति नीतिः

1७.1 एक वडा एक लघु उद्योग स्थापना गर्ने नीति लिईनेछ ।

1७.2 राष्ट्रिय गानका सर्जक व्याकुल माईलाको नाम बाट "***व्याकुल माईला पर्यटन प्रबर्द्धन* केन्द्र"** को स्थापना गरिनेछ । सो पर्यटन प्रबर्द्धन केन्द्रको लागी आवश्यक रकमको व्यवस्था गरिनेछ ।

1७.3 केत्तुके लिब्जु क्षेत्रलाई पर्यटकीय क्षेत्रमा विकास गर्न गुरुयोजना निर्माण गरिनेछ ।

1७.4 लिब्जु तीनकन्य पञ्पवती सिद्धथुम्की धामलाई त्रिधार्मिक पर्यटकीय क्षेत्रमा विकास गर्न गुरुयोजना निर्माण गरिनेछ ।

1७.5 गाउँपालिका स्तरीय साँस्कृतिक संग्रहालय निर्माण गर्न पुरातात्विक बिभागमा पहल गरिनेछ ।

1७.6 गाउँपालिका भित्र रहेका उद्योग बाणिज्य संघ, चेम्बर अफ कमर्स लगायत बिभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गरी व्यवस्थित र मर्यादित बनाउन सबै पसल, होटल र लजले दैनिक मूल्यसूची उपभोक्ताले सहज रुपमा देख्ने गरी राख्नु पर्ने नीति लिइएकोछ ।

1७.7 गाउँपालिका भित्र रहेको जातजाती समुदायको भाषा, कला, संस्कृति, ऐतिहासिक र धार्मिक स्थलहरु यस पालिकाको साझा सम्पति भएकोले संरक्षण प्रबर्द्धन र विकासमा समान व्यवहार साथै सबै जातजातीको भाषा, धर्म, संस्कृति र पहिचान झल्किने मूर्त अमूर्त संस्कृतिको संरक्षण, अभिलेख तथा प्रबर्द्धन गर्ने नीति लिई आवश्यक वजेट विनियोजन गरिनेछ ।

1७.8 विभिन्न जातजाति र समुदायहरुको कला संस्कृति एवम पौराणिक वस्तुहरुको बिक्री वितरण केन्द्र निर्माण गरी कोसेली घर सञ्चालनमा ल्याईने छ ।

## 17. राजश्व परिचालन नीतिः

१७.1 स्थानीय निकायका राजस्व परिचालन क्षमतामा रहेको कमि कमजोरी पहिचान गरी आवस्यक सुधार गरिनेछ ।

१७.2 स्थानीय तहको राजस्व अधिकारका सम्बन्धमा जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१७.3 आन्तरिक आयको आधार तथा दरको सम्भाब्यता अध्ययन तथा विश्लेषण गरी प्रक्षेपित राजस्व लक्ष्य प्राप्तिमा जोड दिइनेछ ।

१७.4 राजस्व परिचालनको अवस्था अध्ययन, विश्लेषण गरी निर्माण गरिएको राजस्व सुधार कार्ययोजना कार्यान्वयन गरिनेछ ।

१७.5 कर प्रशासनलाई सुचना प्रविधिसँग आवद्ध गरिनेछ ।

१७.6 करका नयाँ क्षेत्रहरू पहिचान गरी कार्यान्वयनमा ल्याइनेछ ।

१७.7 गाउँपालिकाको राजस्वमा संकलनमा वढी योगदान पुर्‍याउने वडालाई राजस्व संकलनको अनुपातमा विकास वजेट उपलब्ध गराइने नीति अबलम्बन गरिनेछ ।

१७.8 करको प्रभावकारिता वृद्धि गर्न करदाताहरुलाई लक्षित गरी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ,

१७.9 गाउँपालिकाभित्र सञ्चालनमा रहेका प्रत्येक वैंक, वित्तिय संस्था, विमा कम्पनी लगायत विभिन्न निजि क्षेत्रवाट सञ्चालित संस्थाहरुको तथ्याङ्क अद्यावधिक गरी करको दायरामा ल्याउने कार्यलाई निरन्तरता दिइनेछ।

१७.10 साना तथा घरेलु उद्योगमा दर्ता गरी व्यवसाय सञ्चालन गर्ने उद्यमीहरुलाई व्यवसाय दर्ता तथा नवीकरणको दायरामा ल्याइनेछ ।

## 18. सम्बन्ध सहकार्य तथा साझेदारी नीतिः

१८.१ लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागी अन्य गाउँपालिका तथा नगरपालिकासँग समन्वय र सहकार्यमा साझेदारी गरी सहलगानीमा सयुक्त आयोजना सञ्चालनमा विशेष जोड दिइनेछ ।

१८.२ अन्तर सरकार समन्वय सम्बन्धी नीतिगत रूपमा कानून बनाई कार्यान्वयन गरिनेछ ।

**19. गैर सरकारी संस्था सम्बन्धी नीतिः**

१९.१ संगै बसौं संगै काम गरौं र संगै सेवा गरौं भन्ने आधारमा समुदायको विकासमा सेवा एवं साझेदारी गर्ने उद्देश्यबाट स्थापना भएको गैर सरकारी संस्थाहरूसँग सहकार्य, समन्वय, सहयोग, सहभागिता र परिचालन मार्फत विकास कार्यमा गैर सरकारी संस्थाहरूको कार्यक्रमलाई उच्च प्राथमिकतामा राखि वार्षिक योजना, कार्यक्रम तथा वजेटमा समावेश गरी कार्यान्वयनमा ल्याइनेछ ।

१९.२ गैर सरकारी संस्थाहरूलाई स्थानीय तहको विकास कार्यमा सरीक गराउन प्रोत्साहन गरी समावेशी विकास एवं समन्यायीक प्रतिफल वितरण गरिने कार्यमा जोड दिइनेछ ।

१९.३ गैर सरकारी संस्थाहरूको प्रवर्द्धन,नियमन,निर्देशन,नियन्त्रण एवं कार्य सहजीकरण प्रभावकारी बनाउने उदेश्यले गैर सरकारी संस्थाहरूलाई

**20. संस्थागत विकास, मानव संसाधन तथा सुशासन र अन्य नीतिः**

20.1 यस गाउँपालिका क्षेत्रलाई सुशासनमैत्री बनाउन सुशासनको अनुभूति दिलाउने गरी सेवा तथा कार्यक्रम सञ्चालनको नीतिलाई निरन्तरता दिइनेछ ।

20.2 गाउँपालिकाको विकासको लागि ५ बर्षे १० बर्षे र १५ बर्षे योजनाहरुको Master plan बनाइ क्रमश कार्यान्वयनमा ल्याइनेछ ।

20.3 गाउँपालिकाको व्यवस्थित विकास र समृद्धिका लागि विषय बिज्ञ, सल्लाहकार र परामर्शदाताको एक सम्भाव्यता अध्ययन कार्यदल गठन गरिनेछ ।

20.4 नेपालको अन्य पालिका र अन्तराष्ट्रिय देशहरुसँग मित्रवत तथा भगिनी सम्बन्ध स्थापित गर्न पहल गरिनेछ ।

20.5 कर्मचारीलाई क्षमता विकासको लागि विभिन्न तालिमका कार्यक्रम सञ्चालन गरिनेछ । शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनी गरिने साथै उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

20.6 आर्थिक बर्ष ०७९/०८० बाट वडा तहबाट विनियोजित योजनाको सम्झौता वडा कार्यालयबाट नै हुने व्यवस्था मिलाइनेछ ।

20.7 गाउँपालिकाले वडाहरुलाई थप वजेटको व्यवस्था गर्न सक्नेछ । उक्त वजेट वडाको उत्कृष्ट कार्यसम्पादन र मूल्याङ्कनको आधारमा दिइने नीति लिइनेछ ।

20.8 प्राविधिक र अप्राविधिक खाली दरबन्दी र न्यायिक समितिलाई कर्मचारी करार नियुक्ति गर्न कर्मचारी करार नियुक्ति कार्यबीधि तयारी गर्ने नीति लिइएकोछ ।

20.9 सङ्घीय नीतिमा व्यवस्था भए बमोजिम स्थानीय तहमा करारमा राखिएको  कर्मचारी र महिला स्वयम् सेविकाको उमेर हद ५८ वर्ष लागु गरिनेछ साथै आफ्नो ईच्छाले अवकास हुन चाहाने कर्माचारीलाई सम्मान साथ गोल्डेन हेण्ड चेकको व्यवस्था गरिने नीति लागु गरिनेछ ।

20.10 गाउँपालिका अन्तर्गत करारमा रहेको कर्मचारीहरुलाई महंगी भत्ता र कार्यसम्पादनको आधारमा प्रोत्सहान भत्ता दिने व्यवस्था गरिनेछ ।

20.11 कार्यबीधि तयार गरि कर्मचारी स्थानीय हित कोषको र अन्य कोषको व्यवस्था गरिनेछ ।

20.12 गाउँपालिका अन्तर्गत करारमा रहेको कर्मचारीहरुलाई महंगी भत्ता र कार्यसम्पादनको आधारमा प्रोत्सहान भत्ता दिने व्यवस्था गरिनेछ । कर्मचारी स्थानीय कोषको व्यवस्था गरिनेछ ।

20.13 जनताको गुनासो सजिलै सुन्न र गुनासो सम्वोधन गर्न टोल फ्रि नं. अनिवार्य सञ्चालनमा ल्याइने साथै जनतासँग पालिका रेडियो कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

20.14 प्रत्येक महिना गाँउपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत जनतासँगको गुनासो संवाद कार्यक्रमको लागि टोल-टोलमा पुग्ने नीति अवलम्वन गरिनेछ ।

20.15 प्रत्येक आर्थिक बर्षको अन्तमा सम्पूर्ण जनप्रतिनिधिहरुको सम्पती विवरण सार्वजनिक गर्ने साथै Public Audit गर्ने नीति अनिवार्य अवलम्बन गरी कार्यन्वयन गरिनेछ ।

20.16 गाउँपालिकाको लोगो र गान निर्माण कार्यको लागी वजेटको व्यवस्था गरिनेछ ।

बजेट सरकारको बार्षिक नीति तथा कार्यक्रम मात्र होइन जनताको आशा र भरोसाको दस्तावेज पनि हो । श्रोत व्यवस्थापन र यसमा हुने खर्चको माग आफैमा चुनौतीपूर्ण विषय हो । यो जटिल परिस्थितिमा तयार हुने वजेटमा विनियोजन अंकलाई विवेकपूर्ण र औचित्यपूर्ण बनाउने दायित्व हामी सबैको हो । एक ठाँउबाट हुने उच्च माग र खर्च नगर्ने प्रवृतिले अर्को अत्यावश्यक क्षेत्र स्रोतको अभावले ग्रसित हुन जान्छ । यस विषयलाई मध्यनजर गर्दै समृद्ध गाउँपालिका निर्माणमा सम्पूर्ण पालिका बासीको सहयोगको अपेक्षा राख्दछु ।

अन्त्यमा

गाउँपालिकाको समग्र विकासमा योगदान पुर्याउने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, निजी सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सामाजिक अभियन्ता, युवा क्लब, आमा समूह, आमसञ्चार लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यो नीति तथा कार्यक्रम कार्यान्वियनको लागी सम्पूर्ण सरकारी निकाय, राजनीतिक दलहरु, संघसंस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सवैको सद्भाव र सहयोगका लागी हार्दिक अपिल गर्दछु ।

धन्यवाद
ज्ञानेन्द्र रुम्दाली
गाउँपालिका अध्यक्ष